# बागमती प्रदेश सरकार
## स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय
# स्वास्थ्य निर्देशनालय

पत्र संख्याः ०८३/०८४

हेटौंडा, नेपाल

## करार सेवामा कर्मचारी पदपूर्ति सम्वन्धि सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०५/२४**

सुरक्षित आप्रवासन कार्यक्रम (चौथो चरण) सञ्चालन मार्गदर्शन, २०८१ अन्तर्गत देहाय बमोजिमको पद र संख्यामा कर्मचारीहरु मिति २०८४ असार मसान्तसम्मका लागि सेवा करारमा नियुक्त गर्नुपर्ने भएकोले सरकारी सेवामा अयोग्य ठहरिने गरि कुनै कारवाही नभएका एवं योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र राजश्व तिरेको रसिद सहित "चिकित्सक तथा स्वास्थ्यकर्मी करार सेवा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७८" अनुसूची २ बमोजिमको फारम भरी दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

| सि.नं. | विज्ञापन नं. | पद | माग पद संख्या | श्रेणी/तह | कार्यक्षेत्र |
|---|---|---|---|---|---|
| १. | ४/२०८३/०८४ | मनोसामाजिक परामर्श अधिकृत | १ | सातौ तह | स्वास्थ्य निर्देशनालयमा रही सुरक्षित आप्रवासन (SAMI) कार्यक्रम लागु भएका स्थानीय तहहरु |

१. **दरखास्त दिने स्थानः** स्वास्थ्य निर्देशनालय, हेटौडा
२. **परीक्षाको किसिमः** अन्तर्वार्ता
३. **दरखास्त दिने अन्तिम मिति** : २०८३ असोज ७ गते बुधवार कार्यालय समयभित्र ।(उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट)
४. दरखास्त फारम यस निर्देशनालयको वेवसाईट https://hd.bagamati.gov.np बाट डाउनलोड गर्न सकिनेछ।
५. अन्तर्वार्ताको मिति, समय र स्थान पछि तोकिने छ ।
६. **शैक्षिक योग्यता** : मान्यता प्राप्त विश्वविद्यालयबाट परामर्श मनोविज्ञान (Psychology/counseling psychology/clinical psychology) विषयमा कम्तिमा स्नातक तह उत्तिर्ण गरेको वा मान्यताप्राप्त विश्वविद्यालयबाट (post graduate diploma in counseling उत्तिर्ण गरेको वा स्वास्थ्य विज्ञानमा स्नातक तह उत्तीर्ण गरि मान्यता प्राप्त संस्थाबाट ६ महिने मनोसामाजिक परामर्श तालिम प्राप्त गरेको हुनुपर्ने ।
   - मान्यता प्राप्त विश्वविद्यालयबाट मनोविज्ञान (स्कुल साइकोलोजी /क्लिनिकल साइकोलोजी मेजर, काउन्सलिङ साइकोलोजी) स्नातकोत्तर उत्तिर्ण गरी कम्तिमा दुई वर्ष सम्वन्धित क्षेत्रमा काम गरेको अनुभव भएको, मनोसामाजिक परामर्शकर्ताहरुलाई सुपरभाइज गरेको र राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले तयार पारेको मनोसामाजिक परामर्श तालिमको प्रशिक्षक प्रशिक्षण (TOT) तालिमलाई प्राथमिकता दिईने छ वा पोष्ट ग्रेजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरी मनोसामाजिक परामर्शकर्ताहरुको सुपरभाइजर भएर कम्तीमा तीनवर्ष काम गरेको अनुभवन भएको र राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले तयार पारेको

# बागमती प्रदेश सरकार
## स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय
# स्वास्थ्य निर्देशनालय

पत्र संख्याः ०८३/०८४ हेटौंडा, नेपाल

मनोसामाजिक परामर्श तालिमको प्रशिक्षक प्रशिक्षण (TOT) तालिम लिएको, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको मोड्युल अनुसार ६ महिने मनोसामाजिक परामर्शको तालिम संचालन गरेको लाई प्राथमिकता दिईने छ ।

- स्थानीय तथा प्रदेश सरकारसँग निकटतम् समन्वय र सहकार्यमा काम गरेकोलाई प्राथमिकता दिईनेछ ।
- कम्प्युटर सम्वन्धी ज्ञानका साथै MS-Office (word, Excel, PowerPoint, Outlook, Email, Internet, KOBO Tool) सहजरुपमा चलाउन सक्ने र नेपाली र अङ्ग्रेजी दुवै भाषामा टाइप गर्न सक्ने क्षमता भएको ।
- नेपाली र अङग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्न सक्ने ।

७. **उमेर हद** : २१ वर्ष पूरा भएको हुनुपर्नेछ ।

८. **दरखास्त दस्तूर** : स्वास्थ्य निर्देशनालयको कोड नं ३७००१३२१४३ राजश्व शिर्षक नं. १४२२९ (परिक्षा दस्तुर रु.१२००/ (अक्षरुपी एक हजार दुई सय मात्र) राष्ट्रिय बाणिज्य बैंकको खातामा दाखिला गर्नुपर्नेछ ।

९. **दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु** : दरखास्त दस्तुरको बैंक दाखिला भौचर, व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, प्रचलित कानून बमोजिम काउन्सिलमा दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपि, पदसँग सम्वन्धित विषयमा तालिम तथा अनुभव प्राप्त भए सोको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ । (अन्तर्वार्तामा आउँदा सक्कल कागजात लिएर आउनुपर्नेछ)

१०. **सेवा सुविधा** : प्रदेश सरकारको प्रचलित नियमानुसार हुनेछ ।

११. म्याद नाघी आएका र रिट नपुगेका दरखास्त सम्वन्धमा कुनै कारवाही हुने छैन ।

१२. थप जानकारीको लागि कार्यालयको टेलिफोन नम्बर ०५७-५२४५१० मा सम्पर्क गर्न सक्नुहुनेछ ।

.....
डा.नरेन्द्र कुमार झा
निर्देशक

फोन नं.: ०५७-५२४५१०, ०५७-५२४५१५ र ०५७-५२४८६१, ईमेलः info.hd@bagamati. gov.np